## स्थानीय नश्लका पशुपन्छी संरक्षण सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७/०५/३१ मा स्वीकृत )

स्थानीय नश्लका पशुपन्छी (गाई/चौंरी गाई, भैसी, भेडा, वाखा, बंगुर, कुखुरा/हाँस) को आनुवांशिक स्रोतको संरक्षण, प्रवर्द्धन र उपयोग गर्न गण्डकी प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी स्थानीय नश्लका पशुपन्छी र आनुबांशिक स्रोत संरक्षण सम्बन्धी कार्यक्रम संचालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएकोछ।

१. आवेदकको योग्यता र पेश गर्नु पर्ने कागजातहरु :

१.१ आवेदकको योग्यता :

क) आवेदक समूह, समिति वा सहकारी हुनुपर्नेछ।

ख) गाईभैंसी/चौंरीको हकमा कम्तिमा १०० गोटा, भेडाबाखाको हकमा कम्तिमा २०० गोटा, बंगुरको हकमा कम्तिमा २०० गोटा र कुखुराको हकमा कम्तिमा ५०० गोटा स्थानीय जातको पशुपन्छी पालिएको हुनुपर्नेछ।

१.२ पेश गर्नुपर्ने कागजातहरु :

क) कार्यक्रम संचालनका लागि छनौट भएका पशुपन्छीका जात बाहेक अन्य नश्लसँग प्रजनन् हुन सक्ने कुनै पनि वयष्क भाले पशुसँग प्रजनन् नगराउने प्रतिबद्धता पेश गर्नुपर्नेछ।

ख) आवेदकको कम्तिमा १० प्रतिशत लागत साझेदारी हुने गरी वूदा नं ३ वमोजिमको ढाँचामा तयार गरिएको प्रस्ताव पेश गर्नुपर्नेछ ।

ग) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ ।

२. प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरु :

| क्र.सं. | विवरण | अंक भार |
|---|---|---|
| १ | व्यवसायिक योजनाको प्रस्ताव (लागत र समय, रोजगारी सृजना तथा उत्पादन तथा उत्पादकत्व वृद्धि, बजारीकरण) | २० |
| १.१ | लागत | ५ |
| १.१.१ | कूल लागतमा आवेदकको ५० % भन्दा बढी लागत साझेदारी भएको | ५ |
| १.१.२ | कूल लागतमा आवेदकको २५-५० % लागत साझेदारी भएको | ४ |
| १.१.३ | कूल लागतमा आवेदकको १०-२५ % लागत साझेदारी भएको | ३ |
| १.२ | उत्पादन र उत्पादकत्व वृद्धि | ५ |
| १.२.१ | हालको उत्पादनमा ४० प्रतिशत वा सो भन्दा वढीले वृद्धि | ५ |
| १.२.२ | हालको उत्पादनमा ४० प्रतिशत भन्दा कमले वृद्धि | ३ |



प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

| | | |
|---|---|---|
| १.३ | बजारीकरण | १० |
| १.३.१ | आफ्नो कूल उत्पादन मध्ये ५० % वा सो भन्दा बढी परिमाण विक्रि गर्ने | १० |
| १.३.२ | आफ्नो कूल उत्पादन मध्ये ५० % भन्दा कम परिमाण विक्रि गर्ने | ६ |
| २ | **पूर्वाधार र प्राविधिक उपयुक्तता** | १० |
| २.१ | पूर्वाधार | ५ |
| २.१.१ | बाटो, पानी र बिजुलीको सुविधा भएको | ५ |
| २.१.२ | बाटो, पानी र बिजुली मध्ये कुनै १ वा १ भन्दा बढी सुविधा नभएको | ३ |
| २.२ | प्राविधिक उपयुक्तता | ५ |
| २.२.१ | पर्याप्त र उपयुक्त जमिन भएको, उपयुक्त हावापानी भएको, घाँसमा आधारित पशुपालन भएको (घाँसमा आधारित पशुपालन आवस्यक नभएमा मुल्याङ्कनमा नराखे) | ५ |
| २.२.२ | पर्याप्त र उपयुक्त जमिन नभएको वा उपयुक्त हावापानी नभएको, वा घाँसमा आधारित पशुपालन नभएको (घाँसमा आधारित पशुपालन आवस्यक नभएमा मुल्याङ्कनमा नराखे) | ३ |
| ३ | **आवेदकको अनुभव तथा क्षमता** | ५ |
| ३.१ | २ वर्ष वा सो भन्दा वढी | ५ |
| ३.२ | २ वर्ष भन्दा कम | ३ |
| ४ | **लाभान्वित घरधुरी** | ५ |
| ४.१ | १० वा १० भन्दा वढी | ५ |
| ४.२ | १० भन्दा कम | ३ |
| ५ | **पशुपन्छीको संख्या** | १५ |
| ५.१ | कार्यक्रम संचालन हुने स्थानीय नश्लको पशुपन्छीको संख्या सोही प्रजातिको कुल पशुपन्छीको संख्याको ६० प्रतिशत वा सो भन्दा बढी भएको | १५ |
| ५.२ | कार्यक्रम संचालन हुने स्थानीय नश्लको पशुपन्छीको संख्या सोही प्रजातिको कुल पशुपन्छीको संख्याको न्यूनतम ६० प्रतिशत भन्दा कम भएको | ७ |
| ६ | **अपेक्षित नतिजा र दिगोपना** | ५ |
| ७ | **अघिल्ला दुई आ.व मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको** | १० |
| ७.१ | नलिएको | १० |
| ७.२ | प्रस्तावमा उल्लेखित कृयाकलाप भन्दा फरक प्रकृतिको कृयाकलाप गर्नको लागि लिएको | ५ |
| जम्मा | | ७० |

*नोटः कार्यालयले प्रस्ताव छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ। स्थलगत अनुगमन गर्दा बजारीकरण, पूर्वाधार, प्राविधिक उपयुक्तता, पशुपन्छी संख्याको प्रस्तावमा उल्लेखित विवरणहरुको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नुपर्नेछ।*



प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

## ३. प्रस्तावको ढाँचा

क) आवेदकको नाम र ठेगाना :

ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं :

ग) कार्यक्रम संचालन हुने स्थान :

घ) संचालन गर्ने व्यवसाय र उद्देश्य :

ङ) लाभान्वित घरधुरी संख्या :

च) कार्यक्रम संचालन हुने घरधुरीमा रहेको पशु/पन्छीको :

अ) जम्मा संख्याः आ) स्थानीय जातको जम्मा संख्याः

छ) संचालन गरिने क्रियाकलापको विवरण :

| क.स. | क्रियाकलापको विवरण | परिमाण (संख्या, गोटा आदि) | अनुमानित लागत रु | | कुल रकम | सम्पन्न गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरीएको | | |
| अ) | पुँजीगत कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| आ) | अन्य कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

ज) प्रस्तावित कार्यक्रम संचालनबाट प्राप्त हुने उपलब्धिहरु (भौतिक संरचना विकास/सुधार, वार्षिक उत्पादन आदि) :

| क.सं. | विवरण | एकाइ | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हालको अवस्था | कार्यक्रम संचालन पश्चातको अवस्था | |
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| | | | | | |
| आ) | वार्षिक उत्पादन | | | | |
| | | | | | |
| | | | | | |
| इ) | अन्य उपलब्धिहरु | | | | |
| जम्मा | | | | | |



प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

झ) उत्पादित बस्तुहरुको बजारीकरण कहाँ, कसरी र कति मात्रामा गर्ने :

ञ) नयाँ सोच तथा दिगोरुपमा व्यवसायलाई संचालन गर्ने भावी योजना :

<u>प्रस्तावकको</u>

नामः छापः

ठेगानाः

सम्पर्क व्यक्तिः दस्तखतः

मितिः

**४. संचालन गरिने क्रियाकलापहरु :**

स्वीकृत बजेटको परिधी भित्र रही देहायका क्रियाकलापहरु संचालन गर्न अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

क) खोर/गोठ निर्माण (बँधुवा प्रणालीमा प्रति कृषक अधिकतम रु २५,०००/- र घुम्ति गोठ प्रणालीमा प्रति गोठ अधिकतम रु २,५०,०००/- सम्म उपलब्ध गराउन सकिने)।

ख) औजार तथा उपकरण खरिद।

ग) फोहोर/मलखाद तथा खाने पानीको व्यवस्थापन।

घ) आहारा व्यवस्थापन कार्यक्रम (चरन खर्क सुधार समेत) (दाना खरिद बाहेक)।

ङ) पशु स्वास्थ्य सम्बन्धी कार्यक्रम (परजिवी नियन्त्रणका लागि औषधि खरिद, खोप, डिपिङ ट्याङ्क निर्माण)।

च) उत्पादन विविधीकरण र बजारीकरणका लागि आवश्यक कार्यहरु।

छ) स्वजातिय नश्ल सुधारका लागि उच्च प्रजनन् मान भएको प्रजनन् योग्य भाले खरिद तथा वितरण।

ज) घुम्ति गोठको लागि घोडेटो बाटो मर्मत तथा काठे पुल व्यवस्थापन।

**५. कार्यक्रम संचालनका न्यूनतम शर्तहरु :**

क) छनौट भएका स्थानमा रहेका स्थानीय नश्लको पशुपन्छीको जातीय सुधार तथा उत्पादन वृद्धि गर्न छनौटमा आधारित प्रजनन् प्रणाली अपनाई स्वजातिय नश्ल सुधार गर्नुपर्नेछ र उक्त कार्यको लागि प्राविधिक पृष्ठपोषण कार्यालयले गर्नुपर्नेछ।

ख) उत्पादित पशुपन्छी जन्य पदार्थहरुको व्यवसायिक उत्पादन, प्रशोधन र बजारीकरण सम्वन्धी कार्यक्रम संचालन गर्नुपर्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा